# प्रश्न नं. १८

**त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः**
**(कक्षा रोल्नं.२०७४ देखि २१९५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

रामकुमार थिङको जाहेरीले नेपाल सरकार
विरुद्ध
रामेछाप जिल्ला, डडुवा गाउँपालिका वडा नं. २ वस्ने सुकलाल तामाङ
मुद्दाः-ज्यान सम्वन्धी कसूर

१. मिति २०७५।८।२ गते दिउँसो ल.पु.जि.ल.पु.म.नं.पा. वडा नं. २ सानेपा स्थित चम्पा डंगोलको घरमा डेरा गरी बस्ने महिला मानिस कोठामा नै मृत अवस्थामा छन् भन्ने जानकारी अनुसार उक्त स्थानमा पुग्दा सुकलाल तामाङको श्रीमती शान्ति तामाङ मृत अवस्थामा निजको डेरा कोठामा नै फेला परेकी र निजको श्रीमान उक्त स्थानमा फेला नपरेको र मृतकको लाश उपर कानूनबमोजिम गरिपाऊँ भन्ने प्रहरी प्रतिवेदन ।
२. ल.पु.जि.ल.पु.म.नं.पा.वडा नं.२ सानेपा स्थित पूर्वमा चम्पा डंगोलको घर, पश्चिम चम्पा डंगोलको घर, उत्तर सुरेन्द्र नेपालीको र दक्षिण चम्पा डंगोलको टहरो यति चार किल्लाभित्र चम्पा डंगोलको दक्षिण मोहोडा भएको भुइतले टहरो भएको, सो टहरोभित्र प्रवेश गर्ने खुल्ला ढोका रहेको, सो टहराको उत्तरतर्फको कुनामा बिस्तारा सहितको खटियामा पूर्व टाउको पश्चिम खुट्टा भई उतानो अवस्थामा शान्ति तामाङको मृतक अवस्थामा लाश फेला परेको, मृतकको दुवै आँखा बन्द भएको, मुखबाट तरल फिज जस्तो पदार्थ निस्किएको, मृतकको घाँटीमा दाहिने कानको तलको भागदेखि देब्रे कानको तलको भागसम्म सी.अंग्रेजी आकारको डोरीको जस्तो डाम भएको, लाशले लगाएको कपडा खोली हेर्दा मृतक फुले जस्तो भएको अवस्थामा पाइएको भन्ने घटनास्थल लाश मुचुल्का ।
३. ल.पु.जि.सानेपा स्थित चम्पा डंगोल घरमा सुकलाल तामाङ डेरा कोठा गरी बस्दै आएको टहरा सो कोठाभित्र उत्तरतर्फको कुनामा काठको खटिया भएको, सो काठको पूर्वपट्टिको कुनामा लुगाहरू झुण्डाएको, सो खटियाको नजिकै कपडाहरूमा निलो रङको कुर्ता सुरुवालमा ओडने सलको टुक्राको लम्बाई दुई फीट सात ईन्च भएको, सो सलको टुक्राको चौडाई दुई फीट ५ ईन्च भएको, एकातर्फको भाग बटारिएको अवस्थामा भएको, अर्कोतर्फको भाग सिएको अवस्थामा अपराधसँग सम्बन्धित चीजवस्तु फेला पारेकोले प्रहरीले बरामद गरी लगेको भन्ने समेत व्यहोराको खान तलासी मुचुल्का ।
४. २०७५।८।२ गते शान्ति तामाङको मृतक अवस्थामा डेरा कोठामा लाश फेला परेको अवस्थामा अनुसन्धान हुँदा वारदात पछि भागी फरार रहेको प्रतिवादी सुकलाल तामाङलाई पक्राउ गरी सोधपुछ गर्दा आफ्नो श्रीमती शान्ती तामाङलाई पहिला शल र पछि हातले घाँटी थिची कर्तव्य गरी मारेको भनी बताएकोले, तत्काल निजलाई साथमा लिई गई निजको डेरा कोठा कानून बमोजिम खानतलासी गर्दा निज सुकलाल तामाङले आफ्नो श्रीमतीलाई कर्तव्य गरी मार्दा प्रयोग गरेको निलो रङ्गको सल देखाएकोले बरामद गरी बरामदी मुचुल्का बरामदी सल र प्रतिवादी सुकलाल तामाङलाई आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने प्र.नि.तुल्सीबहादुर राउतको प्रतिवेदन ।
५. मेरो बहिनी वर्ष १९ की शान्ति तामाङ र सुकलाल तामाङको बीच पाँच वर्ष अगाडि बिवाह भई एक छोरा र एक छोरीको जायजन्म भै निजहरू ल.पु.जि.ल.पु.म.नं.पा.वडा नं. २ सानेपामा डेरा गरी बस्दै आएका थिए । मिति २०७५।८।२ गते मेरो बहिनी शान्ति तामाङ आफ्नो डेरा कोठामा मृत अवस्थामा भएको र घाँटीमा निलो डाम थियो । हाल बुझ्दा ज्वाई सुकलाल तामाङले मेरो बहिनीलाई २०७५।८।१ गते घाँटी कसी कर्तव्य गरी मारेको थाहा जानकारी हुन आएको हुँदा सुकलाल तामाङ उपर कानून बमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको रामकुमार थिङ (तामाङ) को जाहेरी दरखास्त ।
६. २०७५।८।१ गते बेलुका खाना खाए पछि बत्ती बाल्ने बिषयमा वादविवाद झगडा भई राखेकोमा सुत्नका लागि म खटियामा पल्टेको र मेरा श्रीमतीले मलाई सरापको शब्द प्रयोग गर्नुका साथै गालीगलौज गरेकाले मलाई रिस उठी श्रीमतीको घाँटी पहिले हातले च्यापेको, पछि सोही खटिया नजिक भएको हाल वरामद भइ आएको सलको टुक्रा घाँटीमा कसी त्यसपछि पनि घाँटीमा हातले च्यापी निज शान्ति तमाङलाई मैले कर्तव्य गरी मारेको हुँ भन्ने प्रतिवादी सुकलाल तामाङको प्रहरीमा गरेको बयान ।
७. सुकलाल तामाङ र निजको श्रीमती शान्ति तामाङ करिव एक वर्ष अगाडिदेखि मेरो घरको टहरामा डेरा गरी बस्ने गरेको र निजहरू झै झगडा कुटपीट समेत गर्ने हुँदा कोठा छाडी जान भनेकोमा २०७५।८।२ गते सुकलाल तामाङको कोठा ढोकाको चुकुल लगाएको थियो, दिउँसो ११ बजेतिर शान्ति तामाङको दिदी आयो ढोका खोली हेर्दा शान्ति तामाङ

## प्रश्न नं. १८

भित्र कोठामा मृत अवस्थामा फेला परेको र बुझ्दा सुकलाल तामाङले आफ्नो श्रीमतीलाई कर्तव्य गरी मारेको र घटनापछि निज भागेको रहेछन । निज शान्ति तामाङलाई सुकलाल तामाङले कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भनी तारा डंगोलले घटना विवरण कागज ।

९. घाँटी थिचिएको कारणबाट शान्ति तामाङको मृत्यु भएको भन्ने समेत व्यहोराको पाटन अस्पतालबाट प्राप्त हुन आएको शव परीक्षण प्रतिवेदन ।

१०.२०७५।८।२ गते दिउँसो ११ बजे ज्वाई सुकलाल तामाङ बच्चाहरू लिई मेरो होटलमा आएकोले बहिनी कहाँ गइन् भनी सोध्दा बत्ती बाल्न गएको भनी होटलमा पल्टेकोले शंका लागी मेरो नन्द गंगालाई हेर्न पठाउँदा गंगा मेरो बहिनीको कोठामा गई हेरी आएपछि मलाई सुनाउँदा शान्ति तामाङ खटियामा सुतेको र बोलाउँदा नबोलेको भन्दा ज्वाई सुकलाल तामाङ बच्चाहरू त्यहीं छाडी भागेपछि म तत्काल गई हेर्दा मेरो बहिनी शान्ति तामाङलाई मृत अवस्थामा फेला परेको हुँदा मेरो बहिनी शान्ति तामाङलाई ज्वाई सुकलाल तामाङले नै घाँटी थिची मारेकोमा बिश्वास लाग्छ भनी पूर्णिमा तामाङले गरेको कागज ।

१३.म काममा जान लाग्दा सुकलाल तामाङले बच्चा बोकी हिडेको देखी बच्चाको आमा कहाँ गइन भनी सोध्दा स्वयम्भूमा बत्ती बाल्न गएको भनी बताएको र दिउँसो १२ बजेतिर तारा डंगोल मैले काम गर्ने ठाउँमा गै सुकलाल तामाङले आफ्नो श्रीमतीलाई कर्तव्य गरी मारेको भनी बताएकोले बुझ्दा निज सुकलाल तामाङले नै कर्तव्य गरी मारेकोमा बिश्वास लान्छ भन्ने समेत व्यहोराको टीका लामाले गरिदिएको कागज ।

१४.बहिनी शान्ति तामाङले के गरिराखेको छ, हेरेर आउनु भनी शान्ति तामाङको कोठामा जाँदा चुकुल लगाएको, खोली हेर्दा खटियामा सिरकले मुख छोपी सुतेको अवस्थामा रहेकीले सोल्टीनी भनी बोलाउँदा नबोलेको कारण सिरक हटाई हेर्दा मुखमा तरल पदार्थ निस्किएको र नबोलेकोले मैले तत्काल गई भाउजूलाई सोही कुरा बताएको हुँ । निज शान्ती तामाङलाई निजको श्रीमान सुकलाल तामाङले घाँटी थिची कर्तव्य गरी मारेको हुन भनी गंगा तामाङले गरिदिएको कागज ।

१५.सुकलाल तामाङ मेरो छोरा हो । २०७५।८।२ गते बिहान आफ्नो छोरा छोरीलाई लिई नास्ता खुवाई गएको थियो । बुहारी खोई भन्दा स्वयम्भू बत्ती बाल्नको लागि गएको भनेकोमा निजले बुहारीलाई मारी भागेका रहेछन् । शान्ति तामाङ मृत अवस्थामा कोठामा भएको कुरा थाहा पाएपछि गई हेर्दा मृत अवस्थामा भएको निजको घाँटीमा समेत च्यापेको जस्तो देखिएकोले निज छोरा सुकलाल तामाङले बुहारीलाई कर्तव्य गरी मारेकोमा विश्वास लाग्छ भनी संजयमाया तामाङले गरेको घटना बिवरण कागज ।

१६.मेरो डेरा नजिक चम्पा डंगोलको घरमा डेरा गरी बस्दै आएको सुकलाल तामाङको कोठा अगाडि पूर्णिमा तामाङ रोई कराई रहेको र चम्पा डंगोलको छोरी तारा डंगोलले मलाई दाई दाई भनी बोलाएकोले म तत्काल सुकलाल तामाङ कहाँ गई हेर्दा शान्ति तामाङ खटियामा मृत अवस्थामा देखेपछि अस्पताल लैजान पर्यो भनी अरुले भनेकोमा शान्ति तामाङको मृत्यु भइसकेको रहेछ । प्रहरीलाई खबर गर्नुपर्छ भनी मैले नजिकको प्रहरीमा खबर गरेको हुँ । सुकलाल तामाङलाई खोजतलास गर्दा भागी फरार रहेको र मृतक शान्ति तामाङको लाश जाँच हुँदा घाँटीमा च्यापेको जस्तो नीलडाम भएकोले शान्ति तामाङलाई सुकलाल तामाङले कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भन्ने समेत व्यहोराको झमकबहादुर महतले खुलाई गरिदिएको घटना बिवरण कागज ।

१७.शान्ति तामाङ मेरो छोरी हो, सुकलाल तामाङ ज्वाई हुन् । छोरी ललितपुर सानेपामा डेरा गरी बस्दै आएकोमा २०७५।८।१ गते छोरीलाई स्वयम्भूमा बत्ती बाल्न आउनु भने पछि म स्वयम्भूमा गई दिउसो ४ बजेसम्म बसे छोरी नआएपछि म फर्की छोरीको कोठामा गएँ । उक्त दिन राति आफ्नै डेरा कोठामा ज्वाई सुकलाल तामाङले घाँटी थिची कर्तव्य गरी मारेको कुरा छोरा रामकुमार थिङ मार्फत थाहा पाएको हुँ । ज्वाई सुकलाल तामाङले छोरी शान्ति तामाङलाई कर्तव्य गरी मारेकोमा बिश्वास लाग्छ भनी मीठुदेवी लामाले गरेको घटना बिवरण कागज ।

१८.अनुसन्धानको क्रममा संकलित सबुत अध्ययन गरी मिति २०७५।८।१ गते सानेपा स्थित चम्पा डंगोलको घरमा डेरा गरी बस्ने शान्ति तामाङ मृत अवस्थामा फेला परेको र निजको श्रीमान उक्त स्थानमा फेला नपरेकोले मृतकको श्रीमान सुकलाल तामाङले सलले घाँटी कसी कर्तव्य गरी मारेको उल्लिखित आधार प्रमाणबाट पुष्टि हुन आएकोले यी प्रतिवादी सुकलाल तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरीतको कसूर अपराध गरेको हुदा निजलाई सोही संहिताको दफा १७७(२) अनुसार सजाय हुन माग दावी लिई दायर भएको अभियोग पत्र ।

१९. प्रतिवादीले ललितपुर जिल्ला अदालत समक्ष गरेको ईन्कारी वयान ।

२०. ललितपुर जिल्ला अदालतबाट भएको फैसला ।

२१. उच्च अदालत पाटनमा परेको पुनरावेदन पत्र ।